# प्राविधिक शिक्षा तथा ब्यावसायिक तालीम परिषद्
## लुम्बिनी प्रदेश कार्यालय
## बुटवल-१२, रुपन्देही ।

### डिप्लोमा/प्रि-डिप्लोमा तहको बर्गीकृत (नि:शुल्क) छात्रवृति तर्फका कार्यक्रमहरुको प्रबेश परीक्षाको नतिजा प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना!

**सूचना प्रकाशित: मिति २०८१।०४।२७ गते**

प्राबिधिक शिक्षा तथा ब्याबसायिक तालीम परिषद्,परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८१।०३।१५ गते प्रकाशित सूचना अनुसार डिप्लोमा/प्रि डिप्लोमा तहका बर्गीकृत (नि:शुल्क) छात्रवृति तर्फका बिभिन्न बिषयका कार्यक्रमहरुको मिति २०८१।०४।१२ गते विहान ८:०० बजे र दिउँसो १:०० बजे तोकिएका परीक्षा केन्द्रहरुमा संचालन गरिएको प्रबेश परीक्षामा सम्मिलित भई डिप्लोमा/प्रि-डिप्लोमा तहको प्रबेश परीक्षा संचालन, छात्रवृति बितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८१ अनुरुप लिखित परीक्षाको प्राप्ताङ्क र एस.एल.सी. / एस.इ.इ को शैक्षिक प्रमाणपत्रहरु बापत तोकिएको अंकको योगफल गरि स्वीकृत कार्यक्रमहरुको बर्ग,कोटाको योग्यताक्रम बमोजिम मिति २०८१।०४।२६ गतेको निर्णयानुसार मुख्य उम्मेदवार, उत्तिर्ण सूची र रद्ध गरिएकाहरुको सूची प्रकाशित गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।साथै नतिजाको विस्तृत विवरण www.ctevt.org.np र www.ctevtlp.org.np / www.ctevtp5.org.np मा हेर्न सकिने छ । मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरु मिति २०८१।०५।०४ गते कार्यालय समय भित्रमा आफ्नो प्रवेश पत्र, नतिजाको प्रति, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्रहरु, फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानु हुन जानकारी गराइन्छ। सम्बन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्बन्धी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम परीक्षार्थीहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजू गरेर मात्र भर्ना गर्न गराउनु हुन अनुरोध छ। साथै भर्नाका लागि तोकिएका शिक्षालयका कार्यक्रमहरुमा भर्ना हुन तोकिएको अन्तिम मिति सम्म भर्ना हुन नआएका परीक्षार्थीहरुको जानकारी परिषद् लुम्बिनी प्रदेश कार्यालयको इमेल ठेगाना exam.ctevtp5@gmail.com मा अनिवार्य रुपमा भर्ना सम्बन्धी निर्देशिकाको दफा २६(छ) बमोजिम ३ दिन भित्रमा अनिवार्य रुपमा लिखित जानकारी गराउनु हुन समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निर्देशक